REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 26.03.2025

---

## Assembly Budget Session

राज्य विधानसभाको बजट अधिवेशनको दोस्रो दिन आज मुख्यमन्त्री तथा वित्त विभागका प्रभारी मन्त्री प्रेमसिंह तामाङले सदनमा 2025-2026 सालका लागि वार्षिक आम बजट प्रस्तुत गर्नुभयो ।

यो उहाँले प्रस्तुत गर्नुभएको सातौं वार्षिक बजट हो । यस वर्षको कुल बजट सोह्र हजार एक सय छ्यानब्बे करोड़ रूपियाँ रहेको छ ।

जसमा एघार हजार अठाइस करोड़ रूपियाँ पाँच हजार एक सय अड़सठी करोड़ रूपियाँ छ ।

पछिल्लो वर्षको तुलनामा यो बजट लगभग दुइ हजार करोड़ रूपियाँ अधिक हो ।

मुख्यमन्त्रीले भन्नुभयो सिक्किममा विकासमूलक परियोजनाहरूका लागि केन्द्रीय कोष अधिक बनाउन केन्द्रद्वारा पर्योजित योजना अन्तर्गत दुई हजार आठ सय छ्यानब्बे करोड़ रूपियाँको आवंटन राखिएको छ।

आफ्नो बजट भाषणमा श्री तामाङले मानिसहरूका कल्याणार्थ शुरू गरिएका मुख्यमन्त्री स्वास्थ्य सुविधा योजना, मुख्यमन्त्री चिकित्सा सहायता योजना र सिक्किम आमा सशक्तिकरण योजना जस्ता शिक्षा, स्वास्थ्य, बन तथा पर्यावरण, विज्ञान एवं प्रौद्योगिकी, पर्यटन, खेल अनि ग्रामीण बिकास क्षेत्रका विभिन्न सरकारी योजनाहरूबारे जानकारी दिनुभयो ।

मुख्यमन्त्रीले सुशासन, योजना तथा आर्थिक वृध्दिका लागि तथ्याङ्क आधारित सिफारिश गर्न Institute for Trasnforming Sikkim ITS गठन गरिने जानकारी पनि दिनुभयो ।

यस संस्थानले नीति आयोगसँग को सरकार्यलाई सुदृढ़ बनाउनका साथै नीतिमा सुधारको देखरेख र विकसित भारत 2047 को दिशातर्फ सिक्किमको विकासलाई मार्गदर्शन गर्नेछ ।

बजटमाथि बहस भोलि हुनेछ ।

बैठकको आरम्भमा राज्यपाल ओम प्रकाश माथुरले आफ्नो अभिभाषण प्रस्तुत गर्दै बजटको उद्देश्य सिक्किमको समग्र बिकास सुनिश्चित गर्नु रहेको बनाउनुभयो र भन्नुभयो यसमा पर्यावर्णीय स्थिरता र सबै समुदायका समावेशी प्रगतिमाथि विशेष ध्यान दिइएको छ ।

उहाँले भन्नुभयो बजट का मुख्य विशेषताहरूमा पूर्वाधार विकासमाथि ध्यान दिनु शिक्षा र कौशल बिकास, उन्नत चिकित्सा सुविधाहरूसँगै स्वास्थ्य सेवामा सुधार, पर्यटन र सांस्कृतिक संरक्षण, पर्या पर्यटन अनि हरित तथा सौर ऊर्जा अप्नाउनमा प्रोत्साहित गर्नु रहेका छन् ।

श्री माथुरले भन्नुभयो बजटको उद्देश्य स्थिरता, आत्मनिर्भरता र समातामूलक विकास कायम राख्नुहो जसद्वारा सिक्किम प्राकृतिक सन्तुलन राखेर समृध्दिको मार्गमा अघि बढ्न सकोस् ।

राज्यपालको अभिभाषणमाथि बहस र मतदान भोलि हुनेछ ।

आज सदनमा शिक्षा मन्त्री राजु बस्नेतले अटल बिहारी बाजपेयी कौशल विश्वविद्यालय विधेयक 2025, Sengol अन्तर्राष्ट्रिय विश्वविद्यालय सिक्किम विधेयक 2025 र Fusion विश्वविद्यालय सिर्क्कि विधेयक 2025 प्रस्तुत गर्नुभयो । यी विधेयकहरूमाथि बहस तथा मतदान भोलिनै हुनेछ।

यसैबीच श्री बस्नेतले हिजो प्रस्तुत गर्नुभयो Capital University संशोधन विधेयक आज पारित भयो ।

राज्य विधानमभामा आज भएको कार्यवाहीमाथि समीक्षत्मक वार्ता अहिले भुटिया समाचारको लगत्तैपछि छ बजेर पचपन्न मिनटमा प्रसारित हुनेछ ।

---

## SC/ST Atrocities Act

राज्यको समाज कल्याण विभागको तत्वावधानमा मंगन जिल्ला अन्तर्गत नामोक स्वयेम ग्राम पञ्चायत इकाइको रबि पञ्चायत कार्यालयमा अनुसूचित जनजाति उत्याचार रोकथाम ऐन उन्नाइस सय नवासी माथइ जागरूकता कार्यक्रम आयोजित भयो ।

यसमा बोल्दै मंगनका महकुमा अधिकारी श्री अभिजित आर पाटिलले भारतको सम्विधानको अनुच्छेद पन्ध्रको उल्लेख गर्दै धर्म, जाति, लिंग र जन्मस्थानको आधारमा भेदभावमाथि प्रतिवन्र्ध लगाइएको कुरो बताउनुभयो । अनुसूचित जाति तथा जनजातिका लागि प्रशासन, राजनीति, उच्चतर शिक्षा र प्रतियागोतामा परीक्षाहरूका लागि आरक्षण उपलब्ध रहेको जानकारी दिँदै यस्ता अवसरहरूको लाभ उठाउने आग्रह गर्नुभयो ।

समाज कल्याम विभाग गान्तोक जिल्लाद्वारा पनि खाम्देङ प्रखण्ड प्रशासनिक केन्द्रमा हिजो यस्तै कार्यक्रम आयोजन गरियो ।

आफ्नो बक्तव्यमा राब्दाङका महकुमा अधिकारीले मानिसहरूसित आफ्ना अधिकारहरूबारे सचेत रहने आग्रह गर्नुभयो ।

---

## Balpan Kavita Initiative

ससाना नानीहरूमा भारतीय कविता र लोकगीतहरूलाई फेरि लोकप्रिय बनाउन 'बालपन की कविता पहल' आजदेखि शुरू भएको छ।

शिक्षा मन्त्रालयले यस्तो पहल शुरू गरेको हो । यसको उद्देश्य साना नानीहरूका लागि आरम्भिक चरणमा सम्झिने शक्ति विकसित गर्नु हो।

यो पहलको लक्ष्य नानीहरूलाई उनीहरूका मातृभाषामा सरल रोचक कविताहरूको माध्यमद्वारा विश्वसित परिचित गराउनु रहेको छ।

प्रतियागिताका प्रतिभागीहरूले तीन प्री प्राइमरी ग्रेड 1 र ग्रेड 2 मा लोकगीत र कविताहरू पठाउन सक्नेछन्।

प्रतिभागीहरूले अंग्रेजी लगायत सबै भारतीय भाषाहरूमा आफ्ना प्रविस्ठि पठाउन सक्नेछन्।

उनीहरूले भारतीय सांस्कृतिक महत्वका क्षेत्रीय भाषाहरूका कविका र लोकगीत पनि पठाउन सक्नेछन्।

प्रतियोगिता बाइस अप्रेलसम्म माई जीओभी वेबसाइटमा हुनेछ।

यसमा भाग लिनका लागि प्रवेश शुल्क लाग्नेछन्।

---

## Badminton

अस्मिता सिटी लीग ब्याडमिन्टन टुर्नामेण्ट सोरेङको जौटार स्टेडियममा आज आयजित भयो।

खेलद्वारा महिला सशक्तिकरण सुनिश्चित गर्ने उद्देश्य केन्द्रीय खेल तथा युवा मामिला मन्त्रालयको निर्देशमा यसको आयोजना राज्यको खेल तथा युवा मामिला विभागले गरेको थियो।

टुर्नामेण्टमा सोरेङ र गेजिङ जिल्ला ब्याडमिण्टन संघका जम्मा सोह्र टीमले भाग लिए।

---

Weather

राज्यमा विगत केही दिनदेखि आकाश खुल्ला रहेकोले तापमानमा वृध्दि भएको छ ।

स्थानीय मौसम विज्ञान विभागको रिपोर्ट अनुसार गान्तोक र वरपर क्षेत्रमा बितेका चौबिस घण्टामा अधिकतम तापमान बाइस दशमलउ दुई डिग्री सेल्सियस र न्यूनतम तापमान तेह्र दशमलउ चार डिग्रीसेल्सियस रेकार्ड गरियो ।

विभागले भोलि अधिकतम तापमान तेइस डिग्री र न्यूनतम तापमान बाह्र डिग्री सेल्सियस रहने पूर्वानुमान गरेको छ ।